
ISSN: 2990-7993(P)




Dhaulagiri Journal of Contemporary Issues
Vol 2, Issues 1
July, 2024
Page 45-53
DOI: https://doi.org/10.3126/djci.v2i1.67454
**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung
**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI
**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# लाहुरी भैँसी कथाका द्वन्द्वात्मक पक्षहरू

गणेशप्रसाद शर्मा
उपप्राध्यापक नेपाली विभाग, धवलागिरि बहुमुखी, क्याम्पस, बागलुङ
Email: ganeshpaudel959@gmail.com

**लेखसार**

यो लेख रमेश विकलको 'लाहुरी भैँसी' कथाका द्वन्द्वात्मक पक्षहरूको अध्ययनमा केन्द्रित रहेको छ । विकल सामाजिक यथार्थवादी कथाकार भनेर चिनिएका भए पनि उनका कथामा मनोवैज्ञानिकताको उपयोग पनि गरिएको छ । यसले गर्दा उनका कथामा पाइने द्वन्द्व मनोवैज्ञानिक र सामाजिक दुवै किसिमको देखिन्छ । उल्लेखित कथामा केन्द्रित भएर द्वन्द्वात्मक पक्षहरूको अध्ययन गर्ने क्रममा अल्फ्रेड एडलर, कार्ल मार्क्स र म्याक्स वेबरका द्वन्द्वसम्बन्धी मान्यता सम्बन्धित देखिन्छन् । 'लाहुरी भैँसी' कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्व, वर्गका बिचमा सिर्जित द्वन्द्व र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व केकसरी प्रस्तुत गरिएको छ भन्ने समस्यामा केन्द्रित यस लेखमा उक्त समस्याको विश्लेषणात्मक समाधान पैल्याउने उद्देश्य राखिएको छ । समस्यामा सूचित प्रकृतिका द्वन्द्वको मात्र अध्ययन गर्नु यस लेखका लागि सीमा निर्धारण गरिएको छ । यसमा निर्दिष्ट समस्या, उद्देश्य र सीमामा रहेर पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ । यसमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वको अध्ययन गर्न अल्फ्रेड एडलरको मनोद्वन्द्वसम्बन्धी मान्यतालाई र वर्गका बिचमा सिर्जित द्वन्द्वको अध्ययन गर्नको लागि कार्ल मार्क्सको वर्गद्वन्द्वसम्बन्धी मान्यतालाई आधार बनाइएको छ । त्यसैगरी प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको अध्ययन गर्नको लागि म्याक्स वेबरको द्वन्द्वसम्बन्धी मान्यतालाई आधार बनाइएको छ । 'लाहुरी भैँसी' कथामा केन्द्रित भएर आलोचनात्मक यथार्थवाद, समाख्यान विश्लेषण, कथानक र पात्रमा वर्गसङ्घर्षलगायत विभिन्न आधारमा अध्ययन भएको देखिए पनि मनोवैज्ञानिक र सामाजिक द्वन्द्वमा मात्र केन्द्रित भएर गहन किसिमले अध्ययन गरिएको देखिँदैन । यही नै यस लेखका लागि प्राप्त रिक्तता हो । यही रिक्ततालाई परिपूर्ति गर्नका लागि विषयवस्तु विश्लेषण विधिमा आधारित भई यो लेख तयार गरिएको छ । विकलको उल्लिखित कथा मनोसामाजिक द्वन्द्वका दृष्टिले सफल कथा हो भन्ने कुरा देखाउनु नै यस लेखको निष्कर्ष रहेको छ ।

***शब्दकुञ्जी :*** उच्च प्रतिष्ठा, द्वन्द्व, न्यून प्रतिष्ठा, बुर्जुवावर्ग, मानसिक, श्रमिकवर्ग, श्रेष्ठत्वप्राप्ति, हीनत्वबोध

**Article Information**
**Received**: 28 April, 2024 **Reviewed:** 30 April, 2024 - 22 May, 2024 **Revised**: 23 May, 2024- 29 May, 2024
**Accepted:** 4 June, 2024 **Published:** 30 June, 2024
*Corresponding Author:* Ganesh Prasad Sharma
To Cite this Article:
शर्मा, गणेशप्रसाद (२०२४), लाहुरी भैँसी कथाका द्वन्द्वात्मक पक्षहरू, *धौलागिरी जर्नल अफ कन्टेमपोररी इस्युज्* २ (१), ४५-५३ ।
https://doi.org/10.3126/djci.v2i1.67454

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

रमेश विकल (१९८५-२०६५) नेपाली साहित्यसिर्जना क्षेत्रका सुपरिचित सर्जक हुन् । कथा, उपन्यास, निबन्ध, नाटकलगायतका साहित्यिक विधामा कलम चलाएका विकलले कथा विधामा उल्लेख्य योगदान पुऱ्याएका छन् । विकल २००६ सालमा *शारदा* पत्रिकामा 'गरिब' शीर्षकको कथा प्रकाशित भएसँगै आधुनिक नेपाली कथासाहित्यका फाँटमा सार्वजनिक भएका हुन् । उनका *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढा भ्वाइलेन आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव, शालिक र सहस्र बुद्ध* (२०४२), *हराएका कथाहरू* (२०५५) लगायत कथासङ्ग्रह प्रकाशित छन् । उनको 'लाहुरी भैँसी' कथा नयाँ सडकको गीत (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत छ । पात्रीय मनोदशा र सामाजिक यथार्थको सशक्त चित्रण गरिएको यस कथामा द्वन्द्वलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । कथासाहित्यमा प्रयुक्त द्वन्द्व मूलतः दुई प्रकृतिको रहेको देखिन्छ । व्यक्तिको मनका विपरीत भावका बिच हुने द्वन्द्व मनोवैज्ञानिक द्वन्द्व हुन्छ । यसलाई आन्तरिक द्वन्द्व पनि भन्ने गरिएको छ । व्यक्ति र व्यक्ति, व्यक्ति र परिस्थिति, विभिन्न जाति, धर्म, संस्कृति, विचार आदिका बिचमा हुने द्वन्द्व सामाजिक द्वन्द्व हुन्छ । यसलाई बाह्य द्वन्द्व पनि भन्ने गरिएको छ । 'लाहुरी भैँसी' कथामा मनोवैज्ञानिक र सामाजिक दुवै प्रकृतिका द्वन्द्वको उपयोग गरिएको देखिन्छ । यस कथामा प्रयुक्त मनोवैज्ञानिक द्वन्द्व हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको रहेको छ । यस किसिमको द्वन्द्वसम्बन्धी मान्यता एडलरले प्रतिपादन गरेका हुन् । कथाका पात्र लुखुरे र द्वारे बाका मनोदशामा केन्द्रित भएर यस किसिमको द्वन्द्वको आयोजन गरिएको छ । कथामा प्रयुक्त द्वन्द्वको अर्को पक्ष वर्गका बिच सिर्जित द्वन्द्व हो । वर्गद्वन्द्वसम्बन्धी मान्यता कार्ल मार्क्सले प्रतिपादन गरेका हुन् । कथामा लुखुरे निम्नवर्ग र द्वारे उच्चवर्गको पात्रीय भूमिकामा छन् । यिनै दुई पात्रका बिचमा वर्गका बिच सिर्जित द्वन्द्वको स्थिति देखिएको छ । यसै गरी कथामा द्वन्द्वको अर्को पक्ष प्रतिष्ठाकेन्द्रित रहेको छ । प्रतिष्ठा द्वन्द्वसम्बन्धी मान्यता म्याक्स वेबरले प्रतिपादन गरेका हुन् ।  कथामा लुखुरे निम्न प्रतिष्ठा र द्वारे बा उच्च प्रतिष्ठा भएका पात्र हुन् । यी दुई पात्रमा केन्द्रित भएर कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको आयोजन गरिएको पाइन्छ । यस लेखमा विकलको 'लाहुरी भैँसी' कथामा उल्लिखित द्वन्द्वका पक्षहरूमा केन्द्रित भई अध्ययन र विश्लेषण गरिएको छ ।

## अध्ययनविधि र प्रक्रिया

प्रस्तुत लेखका लागि शीर्षकको चयन गरेर प्राप्त रिक्तताका आधारमा समस्याको निर्धारण गरी अध्ययनकार्यलाई अघि बढाउन पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । कथाकार रमेश विकलद्वारा रचित 'लाहुरी भैँसी' कथा यस अध्ययनका लागि प्राप्त प्राथमिक सामग्री हो । अध्ययनको शीर्षकसँग सम्बन्धित सैद्धान्तिक एवम् प्रायोगिक कार्यहरू द्वितीयक सामग्री हुन् । पुस्तकालीय कार्यबाट प्राप्त सामग्रीलाई टिपोटविधिको उपयोग गरी सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन र विश्लेषण गुणात्मक पद्धतिमा आधारित भएर विषयवस्तु विश्लेषणविधिमा गरिएको छ । 'लाहुरी भैँसी' कथाबाट विश्लेष्य सामग्री प्राप्त गरेर ती सामग्रीलाई सूचकका आधारमा वर्गीकरण गरी अध्ययन कार्यलाई अघि बढाइएको छ । अध्ययन र विश्लेषणको ढाँचा मनोद्वन्द्व र सामाजिक द्वन्द्वसम्बन्धी सिद्धान्तका आधारमा निर्धारण गरिएको छ । यसका लागि अल्फ्रेड एडलर, कार्ल मार्क्स र म्याक्स वेबरका मान्यतालाई सिद्धान्तको रूपमा उपयोग गरिएको छ । सैद्धान्तिक आधार र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचा निर्धारण गरिएको छ । निर्धारित कथाका द्वन्द्वात्मक पक्ष यस अध्ययनको अवधारणा हो । हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच सिर्जित द्वन्द्व, वर्गका बिच सिर्जित द्वन्द्व र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वलाई सूचकको रूपमा ग्रहण गरेर अध्ययन र विश्लेषणको प्रक्रिया अघि बढाइएको छ ।

## लाहुरी भैँसी कथाका द्वन्द्वात्मक पक्ष : नतिजा र विमर्श

'लाहुरी भैँसी' रमेश विकलको नयाँ सडकको गीत (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । दुई परिच्छेदमा विभाजित यस कथाको लम्बाइ मझौला प्रकृतिको रहेको छ । लुखुरेले लाहुरी भैँसी ल्याएपछि उसको आँगनमा देखिएको रमझमसँगै कथा अघि बढेको छ । भैँसीमाथि गाउँका द्वारे बाको कुदृष्टि परेसँगै कथामा द्वन्द्वको प्रारम्भ भएको छ । गाउँको विपन्न लुखुरेले ऋणधन गरेर ल्याएको भैँसी राम्रो र स्वस्थ भए पनि सम्पन्न द्वारे र उसका विश्वास पात्रहरूले धम्की रोग लागेको भनेर षडयन्त्र गरी किनेर ल्याएको भन्दा कम मूल्यमा भैँसी फुत्काई द्वारेको घरमा पुऱ्याएसँगै कथा अन्त्य भएको छ । कथानकको प्रारम्भ, विकास र समापनका विविध सन्दर्भमा कथाका पात्रका मनोदशाका साथै पात्रहरूका बिचमा द्वन्द्वको आयोजन गरिएको छ । यस्तो द्वन्द्व मनोवैज्ञानिक र सामाजिक दुवै प्रकृतिको देखिन्छ ।  यस आधारमा हेर्दा कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, वर्गका बिचमा सिर्जित र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व मुख्य रूपमा रहेका देखिन्छन् । यी द्वन्द्वलाई कथाका दुई पात्र लुखुरे र द्वारेका चारित्रिक मनोदशा र वर्गगत एवम् प्रतिष्ठासम्बद्ध परस्पर विपरीत बाह्य क्रियाव्यापारमा केन्द्रित भई अल्फ्रेड एडलर, कार्ल मार्क्स र म्याक्स वेबरका द्वन्द्वसम्बन्धी मान्यताका आधारमा अध्ययन गरिएको छ ।

### हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्व

अल्फ्रेड एडलर वैयक्तिक मनोविज्ञानका प्रस्तोता हुन् । उनले यसमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिको चर्चा गरेका छन् । व्यक्तिमा केही कुराको

नपुग हुन्छ र त्यही नपुगले हीनत्वको जन्म हुन्छ भन्ने एडलरको विचार रहेको छ । कमी, बिरामी र कमजोरीजस्ता कुराले विशेष गरी प्रारम्भिक चरणमा हीनत्व अनुभूतिको उदय गराउँछन् (एडलर, सन् १९५६, पृ. ४६) । यही हीनत्वको भावनाद्वारा व्यक्तिको मनोदशामा हीनत्वग्रन्थिको विकास हुन्छ । एडलरले श्रेष्ठत्वको प्राप्तिलाई जीवनको मुख्य आधार मानेका छन् । उनका अनुसार श्रेष्ठत्वको खोजी जन्मजात हुन्छ । यो जीवनको मुख्य कुरा भएकोले यसको अभावमा जीवन नै असोचनीय बन्दछ (एडलर, सन् १९५६, पृ. १०४) । उनले श्रेष्ठत्वप्राप्तिलाई जीवन समस्याको जड मानेका छन् । उनका अनुसार समस्याहरू भेटिने बाटोमा यो प्रकट हुन्छ । प्रत्येक मनोवैज्ञानिक कार्यमा प्राप्त गर; माथि उठ र विजय प्राप्त गर भन्ने कुरा नै सधैँ केन्द्रमा रहन्छ । यस्तो सोचाइ र लालसा प्रत्येक हीनत्व अर्थात् अपूर्णतामा सधैँ उपस्थित हुन्छ (एडलर, सन् १९५६, पृ. १०३) । यसले गर्दा जहाँ हीनत्वको स्थिति रहन्छ त्यहाँ श्रेष्ठत्वप्राप्तिको प्रयास स्वभाविक रूपमा देखापर्छ । अरूभन्दा माथि छु भन्ने अनुभूति, पुरुषत्वको अनुभूति, विजय, धन, कला, सुख, ज्ञान, स्वच्छता, सम्मान आफैमा हीनत्वबाट मुक्त हुने र श्रेष्ठत्व प्राप्त गर्ने उद्देश्य हुन् ( एडलर, सन् १९५६, पृ. ११०) । एडलरले श्रेष्ठत्वको भावलाई श्रेष्ठत्वग्रन्थि भनेका छन् । हीनत्वबाट पूर्णतः मुक्त हुन चाहने र पूर्णतः श्रेष्ठत्व प्राप्त गर्न लागिरहने भए पनि हीनत्वबाट पूर्णतः मुक्त हुन नसक्ने र श्रेष्ठत्व पनि पूर्णतः प्राप्त हुन नसक्दा व्यक्तिको मनोदशामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा द्वन्द्वको स्थिति रहिरहन्छ भन्ने एडलरको मनोद्वन्द्वसम्बन्धी मान्यता रहेको छ । यही मान्यताका आधारमा 'लाहुरी भैँसी' कथाको विश्लेषण गरिएको छ ।

'लाहुरी भैँसी' कथामा द्वारे र लुखुरेको श्रेष्ठत्वप्राप्तिका कामनालाई कारण बनाएर मनोद्वन्द्वको आयोजन गरिएको छ । लुखुरे र द्वारे क्रमशः कथाका विपन्न र सम्पन्न अवस्थाका पात्र हुन् । विपन्न भएकाले गर्दा लुखुरेले छोरो पोडे र स्वास्नी घैँटीका लागि राम्रो लुगाफाटो पनि किन्न सकेको छैन । बौरा गाउँको गरिब भनेर चिनिनु पर्दा उसको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । यसलाई कुनै उपयोगी कार्यद्वारा क्षतिपूर्ति गर्नको लागि उसले लाहुरी भैँसी किनेर घरमा ल्याइपुर्‍याएको छ । यस सन्दर्भमा कथामा भनिएको छ- "लुखुरेको ओठमा अहिले मधुर हाँसो खेलिरहेको थियो । उसको मन आज प्रफुल्ल थियो । ... कटुता र आत्मप्रवंचना पैदा गर्ने निराशा उसको खतम भइसकेको थियो, आज उसको आँगनमा लाहुरी भैँसी सारसौँदै बाँधिएको थियो" (विकल, २०४८, पृ. २७) । कथाको यस उद्धरणले लुखुरेलाई प्रफुल्ल भएको देखाएको छ । विपन्न आर्थिक अवस्थाको कारणले गर्दा परिवारको राम्ररी पालनपोषण गर्न नसकेर तड्पिनु पर्दा हीनत्वबोधको स्थितिमा रहेको ऊ ऋणधन गरेरै भए पनि आफ्नो आँगनमा लाहुरी भैँसी ल्याइपुर्‍याएकोमा रोमाञ्चित भएको देखिन्छ । उसकी स्वास्नी र छोरो पनि लाहुरीको आगमनसँगै निकै खुसी देखिएका छन् । हीनत्वबोधले थिचिइरहँदा कटुता, आत्मप्रवञ्चना र निराशाको चापमा परेको लुखुरे अनेक प्रयत्न गरेर लाहुरी भैँसी ल्याएपछि भने श्रेष्ठत्वप्राप्तिको बोध गरेर प्रफुल्ल भएको देखिन्छ ।

द्वारे गाउँको ठूलोठालू व्यक्ति भएकोले सबैले उसलाई सम्मान गर्दछन् । गफगाफ गर्न र दुःखदर्द पोख्न उसकै घरमा गाउँका जानबुझेका टाठाबाठा जम्मा भएर गाउँभरिको टीकाटिप्पणी गर्दछन् । द्वारेको विचार र तर्कलाई सबैले राम्ररी सुन्छन् र प्रशंसा गर्दछन् । गाउँमा उसको छुट्टै उच्चता स्थापित छ । यसैले गर्दा द्वारेको अन्तर्मानसिकतामा श्रेष्ठत्वबोधको स्थिति देखिन्छ । यसैबिच लुखुरेले सोध्दै नसोधी लाहुरी भैँसी आफ्नो आँगनमा ल्याएको थाहा पाएपछि ऊ आश्चर्यमा परेको छ । यस सन्दर्भमा कथामा विकल (२०४८) ले लेखेका छन् :

> "लुखे बजिएले भैँसी ल्याएछ ?" द्वारे बाले घोर आश्चर्यको स्वरमा भने, मानो लुखुरेले भैँसी ल्याएको कुरा उनी सपनामा नि पत्याउन सक्तैनन् । साँच्चै नै उसले भैँसी ल्याएको हो भने यो जत्तिको घोर आश्चर्य र घोर अपराध अरू केही हुनै सक्तैन ! आफूले एउटा भन्याजस्तो लाहुरी ल्याउने जम्का गर्दागर्दै छेपारा उखान भैरहेछ, लुखुरे नाथुले भैँसी ल्याउने ! ... यो कसरी हुन सक्छ ? ... उनलाई यो आफ्नो द्वारेपनाको निम्ति एउटा थप्पडझैँ लाग्यो (पृ. २६) ।

यस उद्धरणमा लुखुरेले लाहुरी भैँसी ल्याएकोमा द्वारेले ठूलो चोट महसुस गरेको देखिन्छ । आफू सम्पन्न भएर पनि भनेजस्तो लाहुरी ल्याउन नसकेको अवस्थामा लुखुरेले ल्याउनु उसका लागि घोर आश्चर्यको कुरा भएको छ । उसले लुखुरेको त्यो कदमलाई अपराध मानेको छ । सपनामा पनि पत्याउन नसकिने कुरा लुखुरेले विपनामै गरेर देखाउँदा आफ्नो द्वारेपनाका निमित्त एउटा ठूलो थप्पड लागेको महसुस द्वारेलाई भएको छ । यस घटनाले आफ्नो श्रेष्ठत्वमाथि घात भएको ठानेर द्वारेको अन्तर्मानसिकतामा हीनत्वबोध सिर्जना भएको देखिन्छ ।

द्वारेले आफ्नो अन्तर्मानसिकतामा उत्पन्न हीनत्वलाई कुनै लाभकारी कार्यद्वारा परिपूर्ति गर्न आफ्ना विश्वास पात्र रामवीरे, घमाने र खुलाललाई साथमा लिएर लुखुरेको लाहुरीलाई परीक्षण गर्न उसको आँगनमा पुगेको कथामा देखाइएको छ । आँगनमै पुगेर द्वारेले भैँसीको मूल्य सोध्दा लुखुरेले जवाफमा भनेको छ- "अँ ... काँ बा, पऱ्यो नाइँ गोडा सत्रेक बीस । ... कि कसो बा ?" (विकल, २०४८, पृ.२८) । गाउँको द्वारेजस्तो व्यक्ति लाहुरीलाई हेर्न आफ्नै आँगनमा आएको र मूल्य सोध्दा गर्वका साथ ठूलै रकम तिरेर ल्याएको सुनाउन पाउँदा लुखुरेले अपूर्व आत्मतृप्तिको अनुभूति गरेको छ । यसबाट उसको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको बोध भएको देखिन्छ । यही कुराबाट द्वारेको मन झन् विचलित भएको देखापर्छ । यस सन्दर्भमा कथामा भनिएको छ- "लुखुरेको स्वरमा बजेको अपूर्व आत्मतृप्तिको सङ्गीत र आँखामा छचल्कने सुनौलो सपना द्वारे बालाई त्यति मीठो लागेन । हृदयमा केले–केले चस्स घोचेझैँ अनि जिब्रामा अलि टर्रो तीतो नमीठोपना रसाएझैँ उनले अनुभव गरे" (विकल,

२०४८, पृ. २९) । कथाको यस उद्धरणले लुखुरेले तीन सय चालीस रुपैयाँ तिरेर लाहुरी ल्याएको कुराले द्वारेलाई पीडाबोध भएको देखिएको छ । उसलाई टर्रो, तीतो र नमीठो महसुस भएको छ। द्वारेलाई आफ्नो हृदयमा केले केले घोचेजस्तो महसुस भएको छ। यसले उसको अन्तर्मानसिकता हीनत्वबोध प्रभावी भएको सङ्केत गरेको छ ।

हीनत्वलाई निवारण गरेर श्रेष्ठत्व प्राप्त गर्न द्वारेले लुखुरेको लाहुरी भैँसीलाई धम्की छ भन्ने उद्घोष गरेको कथामा देखाइएको छ । द्वारेले भनेको छ- "बाबै, भैँसी त धम्की छ । ... कसो ए रामे, हेर त, कि मैले जानिनँ ? ... " (विकल, २०४८, पृ. २९) । यसो भनेर द्वारेले एक तीरले दुई सिकार गर्न खोजेको छ । एउटा आफूलाई नसोधी त्यत्रो रुपैयाँ खनाएर लाहुरी भैँसी ल्याउने लुखुरेलाई निराश तुल्याई आफ्नो प्रभुत्व देखाउनु छ भने अर्को त्यति राम्रो भैँसी केही गरी फुक्याएर आफ्नो बनाउनु छ । यी दुई कार्य गरेर उसले श्रेष्ठत्व हासिल गर्न चाहेको देखिन्छ ।

द्वारेले लाहुरी भैँसीलाई धम्की छ भनेपछि लुखुरे तिर्मिराउन थालेको छ । यस सन्दर्भमा कथामा भनिएको छ- "लुखुरे दुवै हातले पुर्पुरो समातेर आँगनमा बस्यो । केही क्षणअगाडिको उसको मानसिक सपनाको फूलबारीमा एक्कासि तुसारो वैरियो । अघिसम्म उमङ्गमा खिलखिलाइरहेको उसको चारैतिरको वातावरणमा अहिले अवषादको कालो बादल दौडियो । उसका आँखा तिर्मिराउन थाले ..." (विकल, २०४८, पृ. ३०) । यस उद्धरणमा आएको तथ्यले लुखुरेको अन्तर्मानसिकतामा ठूलो चोट पुऱ्याएको देखिन्छ । उसका सबै सपना हावामा उड्न थालेका छन् । लाहुरी भैँसी ल्याएपछि उसको मनमा छाएको खुसी एकाएक समाप्त भएको छ । उसका आँखा तिरमिराउन थालेका छन् । हेर्दाहेर्दै घर, भैँसी, छोरो पोडे र घैँटीसमेत सबैका अनुहार बादलभित्र पसेजस्ता लागेका छन् । एक्कासि लुखुरेको अन्तर्मानसिकता हीनत्वबोधको चापमा पर्न गएको देखिन्छ । हीनत्व प्रभावी मानसिक दशाबाट मुक्त हुन लुखुरेले भनेको छ- "असत्ती काठो ! भोलि नै लगेर त्यसको डिंगो त्यसैको दैलामा मिल्काइदिन्छु" ( विकल, २०४८, पृ. ३०) । यस उद्धरणमा लुखुरे पीडामा बडबडाएर हीनत्वको शमन गर्न र श्रेष्ठत्वलाई यथावत् स्थिर राख्न प्रयासरत देखिन्छ । उसको यस प्रयासको विपरीत उसको छोरो र स्वास्नी निराश बनेका कथामा देखाइएको छ । यस सन्दर्भमा भनिएको छ- "बाबुको एक्कासि बदलिएको भाव देखेर अघिसम्म संसारको बादशाहझैँ खेलिरहेको सानु डराएको ... घैँटी, अहिले ऊ पनि पानीमा परेको गुइँठा फुलेझैँ फुलेकी, ढोकाको एउटा फक्ल्याँटो समातेर उभिएकी थिई" (विकल, २०४८, पृ. ३०) । यस उद्धरणले लुखुरेको मन झन् कुँडिएको देखाएको छ । साँच्चै उसले लाहुरी ल्याएको परिवारको खुसीको लागि हो । त्यही लाहुरीलाई धम्की छ भन्ने थाहा पाएपछि लुखेसँगै उसको छोरो पोडे र स्वास्नी घैँटीसमेत निराशाको बादलमा हराउन थालेका छन् । आफ्नो घरपरिवारको अवस्था यस्तो भएकोमा लुखुरेको मानसिकताबाट बचेखुचेको हिम्मत र साहस सबै रित्तिएको छ । साँझ भैँसीले दूध थोरै दिँदा ऊ झन् झस्किएको छ । उसलाई रातभरि निद्रा लागेको छैन । ऋण कसरी तिर्ने भन्ने कुराले पनि लुखुरे तर्सिएको छ । बाँधेको बाँधै किलैमा पुक्लुक्कै भयो भने त सर्वश्व नै हुन्छ भन्ने कुराले पिरोलिएर उसको मानसिक अवस्था हीनत्वबोधको चापमा झन् गाँजिन पुगेको देखिन्छ । राति उठेर लुखुरे टुकी बाली कटेरोमा भैँसी हेर्न गएको सन्दर्भलाई विकल (२०४८) ले कथामा लेखेका छन् :

> ऊ हरहराउँदै कटेरामा गयो । उसले बत्ती खोपामा राख्यो- भैँसी जस्ताको तस्तै कीलामा बाँधिएको थियो- कालो, चिल्लो बाह्रमाने बाटाजत्रो कल्चौँडो गरेको लाहुरी भैँसी । उसले आफ्नो हातले सबै–थोक मुसाऱ्यो, चिल्लो झीङ्गा पनि चिप्लेला जस्तो कालो आङ, छोटा-छोटा, मोटा-मोटा पातला मेढे सीङ, नीला-नीला निर्दोष आँखा । कतै पनि कुनै हेरफेर छैन । उसको छातीबाट गहिरो सुस्केरा–सन्तोषको सुस्केरा निस्क्यो । तर त्यो सुस्केरा चिसो थियो । साँच्चै यो भैँसी खोटी नभैदिया' भए, "भैँसी देख्नमा यस्तो राम्रो भएर के गर्नु" (पृ. ३२) ।

कथामा आएको यस उद्धरणमा लुखुरे ऋणधन गरी ल्याएको लाहुरी भैँसी धम्कीको कारणले मऱ्यो कि भन्ने चिन्ताले तर्सिई रातको समयमा टुकी बालेर कटेरामा हेर्न गएको देखाइएको छ । कटेरामा पुग्दा भैँसीलाई उस्तै सारसौँदै देखेपछि उसको विचलित भएको मनलाई केही सान्त्वना त प्राप्त भएको छ तर खोटी भैँसी जतिबेला पनि ढल्न सक्छ भन्ने चिन्ताले उसको मन मुक्त हुन भने सकेको छैन । भैँसी खोटी नभइदिएको भए भन्ने कल्पना गरेर मनलाई स्थिर गर्न खोज्दै गर्दा ऊ द्वारेको भनाइ सम्झेर तड्पिन थालेको छ । धम्की भएको भैँसीको के ठेगान; अहिले ठीक भए पनि क्षणमै ढल्न के बेर भयो र ? ऊ यस्तै कुरा सोचेर पीडाबोध गर्दै गरेको देखिन्छ । कथामा देखिएको लुखुरेको यस्तो मानसिक अवस्था हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ ।

लाहुरी भैँसी खोटी देखिएपछि केही उपाय निकाल्न र ढाढस प्राप्त गर्न लुखुरे भोलिपल्ट द्वारेका घरमा पुगेको कथामा देखाइएको छ । पिडीमा जम्मा भएका गाउँका बुज्रुकहरूका माझ लुखुरेले भनेको छ- "बा, मैले आफ्नै बुद्धिले आफ्नै घुँडामा बन्चरो हानेँ ! अब के गरौँ बा ? स्वास्नीको नाक, कानको त भला केही थिएन, भर्सेला परोस् भनौँ, नेपाल बाहुनको दुई सये पचास रिन कहाँबाट तिरौँ ? हे ईसोर, अब म के गरौँ ?" ( विकल, २०४८, पृ. ३४) । कथाको यस उद्धरणमा लुखुरे केही उपाय नपाएर खोटी भैँसीका कारण सिर्जना भएको विपद्बाट निस्कने उपाय खोज्न द्वारेको घरमा पुगेको देखाइएको छ । आफूलाई सोध्दै नसोधी लाहुरी भैँसी ल्याउने लुखुरेको हिम्मतका कारण हीनत्वबोध गरिरहेको द्वारेका लागि अब ऊ आफ्नो शरणमा पर्न आएको अवस्थाले श्रेष्ठत्वबोध गर्ने आधार बनेको छ । अर्कोतिर लुखुरेका मानसिकतामा भने केही उपाय

नपाएर द्वारेका शरणमा जानुपर्दा हीनत्वबोध भएको देखिन्छ ।

कथामा द्वारे लुखुरेको लाहुरीलाई हालेको मूल्यभन्दा सयपचास घटाएर जिम्मा लिन तयार भएको छ । यस सन्दर्भमा उसले भनेको छ- "के तिमी सबै त्यसै भन्छौ त ? त्यसै हो भने म के भनौं ! एउटा गरिबको उपकारै सही । तर, ... भैगो त लुखुरे पनि सौ-पचासको मुख नहेरोस् । कि सौ-पचास खर्चेर भैंसी तयार गराइछोडें, कि खौलामा जाक्किएँ । एउटा गरीबको उपकारै हुन्छ भने ... लौ के भन्छस् लुखुरे ?" (विकल, २०४८, पृ. ३५) । कथामा आएको यस उद्धरणमा स्वास्नीका गहना भर्सेलामा परे पनि नेपाल बाहुनको दुई सय पचास रुपैयाँ तिर्ने उपायसम्म भए हुने मानसिकतामा पुगेको लुखुरेका लागि सयपचास घटेर लाहुरी आफूले ल्याउन तयार भएको द्वारेका कुराबाट केही सन्तुष्टि प्राप्त भएको देखिन्छ । यसले उसको मानसिकतामा श्रेष्ठत्वबोध गराएको छ । अर्कोतिर स्वास्नीका गहना, भावी आर्थिक उन्नति, छोरो, स्वास्नी अनि आफ्नो खुसी सबै सकिने स्थितिबाट लुखुरेको मानसिकतामा हीनत्वबोधको स्थिति पनि यथावत् स्थिर बनेको देखिँदा ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा रहिरहेको देखापर्छ । लाहुरी भैंसी परेको मूल्यभन्दा सयपचास घटेर आफ्नो बनाउन पाइने स्थितिले द्वारेका अन्तर्मानसिकतामा भने श्रेष्ठत्वप्राप्तिको अनुभूति भएको पाइन्छ ।

अन्ततः अनेक टिकडम रचेर द्वारेले लाहुरी भैंसी आफ्नो आँगनमा पुऱ्याएको छ । यस सन्दर्भमा कथामा भनिएको छ- "त्यसै दिन बेलुकीपख द्वारे बाको आँगनमा निकै रमझम देखियो । आँगनमा लाहुरी भैंसी बाँधिएको– ... द्वारे बूढा बीस वर्षे जोशमा सुसार गर्न लागेका" (विकल, २०४८, पृ. ३५) । कथामा आएको यस उद्धरणले लुखुरेले ऋणधन गरेर ल्याएको लाहुरीलाई द्वारेले आफ्नो बनाउन सफल भएको देखाएको छ । यसबाट एउटा लाहुरी भैंसी ल्याउने उसको सदीक्षा पूर्ण हुनुका साथै लुखुरेले लाहुरी ल्याउँदा र आफूले ल्याउन नसक्दा उत्पन्न भएको हीनत्वको क्षतिपूर्ति गर्न सकेकाले द्वारेका मानसिकतामा श्रेष्ठत्वप्राप्तिको स्थिति प्रबल बनेको छ । यस घटनाबाट लुखुरेको अन्तर्मानसिकतामा भने हीनत्वबोधको कारणले निराशा छाएको देखिन्छ ।

**वर्गका बिचमा सिर्जित द्वन्द्व**

कार्ल मार्क्स भौतिकवादका प्रस्तोता हुन् । यसमा उनले वर्गद्वन्द्वको चर्चा गरेका छन् । मार्क्सले सम्पत्ति अर्थात् वस्तुको सञ्चय गर्ने कार्यको थालनीसँगै वर्गको उदय भएको र दास युग हुँदै समाजवादी युगसम्म देखापरेका वर्गहरूबिच द्वन्द्व भइरहने देखाएका छन् । यही कुरालाई सिद्ध गर्न कम्युनिस्ट घोषणापत्रमा आजसम्मका विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो भनिएको छ (कुमार, २०३०, पृ. ३४) । वर्गद्वन्द्वलाई निरन्तरको प्रक्रिया माने पनि मार्क्सको वर्गद्वन्द्वसम्बन्धी मान्यताको केन्द्रस्थल भने पूँजीवादी युग नै बनेको देखिन्छ । यस युगमा पूँजीपति बुर्जुवावर्ग र सर्वहारा श्रमिकवर्गका बिचमा वर्गगत द्वन्द्व उत्कर्षमा पुग्ने मार्क्सले आँकलन गरेका छन् । पूँजीवादी व्यवस्थाको विकास हुँदै जाँदा शोषणले झन् झन् बढी निर्मम रूप लिँदै जान्छ । मजदुरहरूको श्रम अझ बढी सघन हुँदै जान्छ (मास्के, २०६४, पृ. २९६) । आर्थिक तथा वित्तीय सङ्कटका बेला सर्वहारा श्रमिकवर्गले निकै कष्ट भोग्नुपर्ने हुन्छ । अरू समयमा पनि यो वर्ग श्रमको शोषणमा परेर श्रमको फलबाट वञ्चित रहनुपर्ने हुन्छ । यो कुरा सर्वहारा श्रमिकवर्गले सहेर बस्न सक्दैनन् । परिणामतः पूँजीपति बुर्जुवावर्ग र सर्वहारा श्रमिकवर्गका बिचको द्वन्द्वले गति लिन थाल्दछ । सर्वहारा श्रमिकवर्गले पर्याप्त श्रम गर्दा पनि पहिलो वर्गबाट शोषण गरिने हुँदा जीवनका अनिवार्य आवश्यकताका साधन जुटाउन नसकी निरन्तर शोषित भइरहन्छन् (शर्मा र लुइटेल, २०६१, पृ. १४७) । मार्क्सले बुर्जुवा पूँजीपतिवर्ग र सर्वहारा श्रमिकवर्गका बिचमा नाफाको असमान वितरणको कारणले गर्दा द्वन्द्वको स्थिति बन्दछ भन्ने कुरा स्पष्ट पारेका छन् । पूँजीपतिवर्गले वस्तु उत्पादन गर्न श्रमिकवर्गको श्रमको उपयोग गर्ने र वस्तुको उत्पादनमा लगानी भएको श्रमको मूल्य र वस्तुका बिक्री मूल्यका बिचको नाफाका रूपमा प्राप्त हुने अतिरिक्त मूल्य धेरै आफूलाई मात्र राखेर श्रमिकवर्गको श्रमको शोषण गर्ने गरेको कुरा थाहा पाएपछि आफूहरू ठगिएको कुरामा स्पष्ट भई श्रमिकवर्ग द्वन्द्वमा अग्रसर हुन्छन् । यसैले गर्दा पूँजीपति र श्रमिकका बिचमा वर्गद्वन्द्व सिर्जना हुन पुग्दछ भन्ने मार्क्सको वर्गद्वन्द्वसम्बन्धी मान्यता रहेको छ । यसका आधारमा यस लेखमा 'लाहुरी भैंसी' कथाको विश्लेषण गरिएको छ ।

'लाहुरी भैंसी' कथामा लुखुरेलाई निम्नवर्ग र द्वारेलाई उच्चवर्गको पात्रका रूपमा उपयोग गरेर यी दुई वर्गका प्रतिनिधि पात्रका माध्यमबाट वर्गका बिच सिर्जित द्वन्द्वको आयोजन गरिएको देखिन्छ । कथामा यी दुई पात्रको वर्गगत चिनारी तलको उद्धरणबाट झल्किएको छ- "हो बा बिचरालाई तपाईंले नै गरिदिनुपर्छ । गरिब अनाथ हो, जुक्ताभर चाकरी गर्छ ।' द्वारेबाले निकै बेर गम खाए । आखिरमा बडो गम्भीर स्वरमा मानो लुखुरेमाथि जन्मजन्मान्तर बिसाउन नसकिने उपकारको बोझ लाद्न लागेको झैं घोषणा गरे" (विकल, २०४८, पृ. ३५) । कथाको यस उद्धरणमा निम्नवर्गको प्रतिनिधि पात्रलाई लुखुरे, गरिब र अनाथ भनेर चिनाइएको छ । अर्कोतर्फ उच्चवर्गको प्रतिनिधि पात्रलाई द्वारेबा भनिएको छ । लुखुरे ठूलाबडाको चाकरी गर्नुपर्ने वाध्यतामा रहेको छ । उता द्वारेबा लुखुरेजस्ता गरिबको कल्याण र उपकार गर्ने भूमिकामा रहेको देखिन्छ । गरिब भएको कारणले गर्दा लुखुरेले छोरो पोडेलाई राम्रो दौरा किनिदिन र स्वास्नी घैंटीलाई खुसी पार्न पनि सकेको छैन । यसो हुनुको मुख्य कारण आर्थिक रूपमा विपन्न हुनु नै देखिन्छ । छोरो र स्वास्नीलाई खुसी तुल्याउन र आर्थिक स्थितिलाई माथि उकास्न लुखुरेले ऋण गरेर अनि स्वास्नीका गहनासमेत मिलाएर तीनसय चालीस रुपैयाँमा बाह्रमाने बाटा जत्रो कल्चौडो भएको लाहुरी भैंसी किनेर आफ्नो घरआँगनमा

ल्याइपुऱ्याएको छ । लाहुरी ल्याएको गन्ध थाहा पाउँदासाथ द्वारे छटपटाउन थालेको देखिन्छ । यस सन्दर्भमा कथामा भनिएको छ- "लुखे बजियाले भैँसी ल्याएछ ?" द्वारेबाले आश्चर्यको स्वरमा भने, मानो लुखुरेले भैँसी ल्याएको कुरा उनी सपनामा पनि पत्याउन सक्तैनन् । ... उनलाई यो आफ्नो द्वारेपनाको निम्ति एउटा थप्पडभैँ लाग्यो" (विकल, २०४८, पृ. २६) । यस उद्धरणमा लुखुरेले ल्याएको लाहुरी भैँसी सम्पन्नताको प्रतीकको रूपमा प्रस्तुत भएको छ । ऊजस्तो गरिबले लाहुरी भैँसी ल्याएर आर्थिक रूपमा बलियो हुने प्रयत्न गर्नु द्वारेका लागि चिन्ता र आश्चर्यको विषय भएको छ । त्यसैले उसले लुखेले लाहुरी भैँसी ल्याएको कुरा पत्याउन सकेको छैन । ल्याएकै भएमा उसका लागि ठूलो थप्पड लाग्ने कुरा हुने ठानेको छ । यहाँनेर लुखुरेले आर्थिक रूपमा सबल हुने प्रयत्न गरेको देखिनु र द्वारेले भने उसको त्यस कदमलाई आश्चर्यपूर्ण ठानेर आफ्ना लागि ठूलो थप्पड भएको महसुस गर्नुले निम्नवर्ग र उच्चवर्गका पात्रहरूका बिचको द्वन्द्वलाई सङ्केत गरेको छ ।

लुखुरेले लाहुरी भैँसी ल्याएको पक्का भएपछि द्वारे आफ्ना विश्वास पात्रलाई लिएर लाहुरी जाँच्न लुखेको आँगनमा पुगेको छ । सबै गुणले उपयुक्त असल लाहुरी भैँसीलाई देखेपछि आँखा र नाक खुम्चाउँदै द्वारेले भनेको कुरालाई कथामा यसरी देखाइएको छ- "उनले लाहुरीलाई चारैतिर घुमेर जाँचे । अन्त्यमा बडो गम्भीर हुन सकेसम्मको सहानुभूति स्वरमा भने, "बाबै भैँसी धम्की छ । ... कसो ए रामे, हेर् त, कि मैले जानिनँ ? ... " (विकल, २०४८, पृ. २९) । यस उद्धरणबाट द्वारेले भैँसी निकै असल र मूल्यवान् भएको चाल पाएपछि त्यसलाई षडयन्त्रपूर्वक आफ्नो बनाउने कुटिल प्रयत्न प्रारम्भ गर्न थालेको देखिन्छ । उसले लाहुरीको दूध र घिउबाट लुखुरेले आर्थिक उन्नति गर्ने र परिवारलाई सुखी बनाउन सक्ने बुझेर उसलाई यसरी माथि उठ्नबाट रोक्ने ध्येयले लाहुरीलाई धम्की छ भन्ने उद्घोष गरेको छ । द्वारेको कुरा सुनेपछि लुखुरे तिरमिराउन थालेको देखिन्छ । ऊ अज्ञानतावश भैँसीमा धम्कीको खोट देखाउने द्वारेसँग भन्दा पनि लाहुरी भैँसी बेच्ने ज्याम्दीका ढकालसँग आक्रोशित भएको छ । लुखुरेले भनेको छ- "होइन बा, ज्याम्दीका ढकाल त किरिया हाल्थे नि ? केही खोट रहेछ भने सित्तै भो, भन्थे नि त ?" ... "असत्ती काठो ! भोलि नै लगेर त्यसको डिँगो त्यसैका दैलामा मिल्काइदिन्छु ..." (विकल, २०४८, पृ. ३०) । यस उद्धरणमा लुखुरे आफूले कति प्रयत्न गरेर ल्याएको लाहुरी भैँसी खोटी देखिएपछि चिन्तित बनेको देखिन्छ । उसले भैँसी बेच्ने जिम्दीका ढकालले केही खोट देखिएमा सित्तै भयो भनेर किरिया हालेको कुरा द्वारेलाई सम्झाएको छ । उसले ढकाललाई असत्ती काठो भनेर गाली गर्दै भोलि नै लगेर भैँसी उसैको दैलोमा मिल्काइदिन्छु पनि भनेको छ । उसको यो आक्रोश गरिबलाई धोका दिने सम्पन्नवर्गप्रति लक्षित देखिन्छ । प्रत्यक्षतः ऊ ज्याम्दीका ढकालप्रति आक्रोशित देखिएको भए पनि प्रवृत्तिगत रूपमा समान देखिने द्वारेप्रति पनि उसको आक्रोश लक्षित छ । यसले निम्नवर्ग र उच्चवर्गका बिचको असन्तुष्टि र द्वन्द्वलाई सङ्केत गरेको स्पष्ट हुन्छ ।

लुखुरेले लाहुरी भैँसी बेच्नेलाई नै फिर्ता गऱ्यो भने द्वारेलाई कुनै लाभ हुने देखिँदैन । यही भएर भैँसी फिर्ता गर्नतर्फ नलागोस् र घटाघटमा गएर आफैले स्याहार्ने परिस्थिति बनोस् भन्ने प्रयासमा द्वारे क्रियाशील भएको छ । यस सन्दर्भमा कथामा द्वारेले भनेको छ- "हामीले भनेको त ..." द्वारेबाले अरूतिर हेरेर भने "यो लुखे बजिये सोझो, मधेस मारेर आएको बाउँठे, के मान्थ्यो रे, भसक्कै ठगिदिएछ । यो जैरे पनि उस्तै, सूझ र बूझसँग त्यतिका पैसा वैरिन हुन्थ्यो के त । हामी पनि त थियौं नि" (विकल, २०४८, पृ. ३३) । यस उद्धरणमा लुखुरेलाई सोझो र बाउँठे ढकाललाई मधेस मारेर आएको नामुद ठगको रूपमा देखाउन खोजिएको छ । लुखुरेले नबुझिकन पर्नेभन्दा बढी रुपैयाँ भैँसीलाई परेको देखाएर आफूलाई सोधेको भए ठगिनबाट बँच्न सम्भव थियो भन्ने द्वारेको विचार देखिन्छ । द्वारेको विश्वास पात्र रामवीरेले भैँसी फर्काउनु नै उपाय हुने तर्क गर्दा त्यसलाई दिशान्तरण गर्दै द्वारेले भनेको छ- "त्यो मुलुकमारा बाउँठे, त्यसलाई तिमीहरूले चिनेकै छैनौ । के भनेर दिइरहन्थ्यो रे हात पऱ्या पैसा, ख्वाइदिन्छ लोप्पा" (विकल, २०४८, पृ. ३४) । यस उद्धरणमा आएको द्वारेको तर्कबाट लाहुरी भैँसी फर्काएर पैसा फिर्ता लिन असम्भव भएको देखिन्छ । त्यो कार्य सम्भव भए पनि लुखुरेलाई तर्साएर भैँसी फर्काई थैली बुझ्ने बाटोमा ऊ लाग्दै नलागोस् भन्नेमा द्वारेको प्रयास केन्द्रित रहेको छ । जसरी भए पनि लुखुरेलाई अप्ठेरोमा पारेर लाहुरी आफ्नो बनाई छाड्ने योजनामा लागेको द्वारे र भैँसी फर्काएर थैली फिर्ता ल्याउन सकेमा नोक्सानीबाट उम्कन सकिने भएकोले त्यही प्रयासमा लागेको लुखुरेका बिचमा विमति देखिएकोले परस्पर द्वन्द्वको स्थिति सिर्जना भएकोमा लुखुरे सयपचास घटेर भए पनि द्वारेलाई नै लाहुरी जिम्मा लगाउन वाध्यात्मक रूपमा सहमत भएसँगै दुई वर्गका पात्रहरूका बिचमा देखिएको द्वन्द्व शिथिल बनेको पाइन्छ ।

कथामा देखिएको परिवर्तित घटनाक्रमसँगै लुखुरेको भैँसी द्वारेले आफ्नो आँगनमा पुऱ्याएको छ । उसले बीस वर्षीय जोसका साथ भैँसीको स्याहार गर्दै गरेको देखिन्छ । उसको घरआँगनमा रमझम छाएको छ । लुखुरेका घरको रमझम द्वारेका घरमा सरेको छ । यस सन्दर्भमा कथामा भनिएको छ- "लुखुरेका घरमा आज रमझम थिएन । लुखुरेका बाबु छोरा आँगनका डिलमा उभिएका थिए" (विकल, २०४८, पृ. ३५) । यस उद्धरणमा निम्नवर्गको गरिब पात्र लुखुरेका घरआँगनमा भित्रिएको खुसी र रमझम उच्चवर्गको धनी पात्र द्वारेले षडयन्त्रपूर्वक खोसेर आफ्नो घरआँगनमा पुऱ्याएको र लुखुरेका घरआँगनमा भने निराशा छाएको देखाइएको छ । दुई वर्गका प्रतिनिधि पात्र लुखुरे र द्वारेका बिचको लाहुरी भैँसीकेन्द्रित द्वन्द्व निम्नवर्गको पात्र पराजय भएको र उच्चवर्गको पात्रले विजय हासिल गरेको देखाएर तत्कालका लागि साम्य भएको देखिए पनि सामाजिक परिस्थिति यस्तै रहेसम्म निरन्तर वर्गका बिच द्वन्द्व चलिरहने सङ्केत कथामा गरिएको देखिन्छ ।

**प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व**

म्याक्स वेबर सामाजिक द्वन्द्वका प्रस्तोता हुन् । उनले समाजमा प्रतिष्ठाका आधारमा द्वन्द्व सिर्जना हुने चर्चा गरेका छन् । मानिसको जीवनशैली, औपचारिक शिक्षा, उपयोगी तालिम र प्रशिक्षण, विवेकपूर्ण अध्ययन र शिक्षण, तदनुरूपको शिष्टाचारयुक्त व्यवहार, आनुवंशिक एवम् व्यावसायिक आदर र सम्मानजस्ता कुराहरूबाट प्रभावकारी रूपमा सामाजिक प्रतिष्ठालाई बुझ्न सकिने वेबरको प्रतिष्ठा द्वन्द्वसम्बन्धी मान्यता रहेको छ (फिस्कोभ र गर्थ सन् १९७८, पृ. ३०५–३०६) । यसले प्रतिष्ठाका लागि हुने द्वन्द्व सम्मान एवम् इज्जतसँग जोडिएको देखाउँछ । मानिसले सम्पत्ति कमाएर, शक्ति आर्जन गरेर, राम्रो तालिम र प्रशिक्षण प्राप्त गरेर अनि शिष्टाचारयुक्त व्यवहार प्रस्तुत गरेर पनि प्रतिष्ठा बढाउन चाहन्छ । वेबरले वैवाहिक सम्बन्ध गाँस्ने, सँगै खाने, कुनै कुरा प्राप्तिमा एकाधिकारयुक्त विशेषाधिकारको उपयोग गर्ने एवम् कसैले निश्चित कुरा प्राप्त गरेकोमा गरिने घृणा एवम् प्रतिष्ठापरम्परा र अन्य यस्तै कुराहरूका माध्यमबाट सामाजिक व्यवहारमा प्रतिष्ठाको अभिव्यक्ति हुने गरेको देखाएका छन् (फिस्कोभ र गर्थ, सन् १९७८, पृ. ३०६) । यसबाट माथिल्लो प्रतिष्ठा भएका र प्रतिष्ठा न्यून भएका मानिसहरू सँगै खानेबस्ने, एकले अर्कोलाई सहयोगी र सम्मानजनक व्यवहार गर्ने गरेको देखिँदैन । बरु उच्च प्रतिष्ठा भएका मानिसले प्रतिष्ठाको उचाइ प्राप्त गर्न नसकेका मानिसलाई त्यो स्थानमा जानबाट रोक्ने प्रयत्न गर्दछन् । यसले गर्दा उच्च र निम्न प्रतिष्ठा भएका मानिसहरूका बिचमा विवाद र असहमति सिर्जना हुँदा समाजमा मानिसहरूका बिचमा प्रतिष्ठाका लागि द्वन्द्व बढ्न जान्छ । स्थापित प्रतिष्ठा समूहहरूले आफ्नो जीवनशैलीलाई संरक्षण गर्नको लागि विशेष उपाय अवलम्बन गर्ने कुरा वेबरको प्रतिष्ठा द्वन्द्वसम्बन्धी मान्यताको समीक्षा गर्ने क्रममा टर्नरले उल्लेख गरेका छन् (टर्नर, सन् २०१२, पृ. १७९) । उच्च प्रतिष्ठा प्राप्त व्यक्ति वा समूहले सामाजिक प्रतिष्ठासँग समानता भएका मानिसहरूसँग विविध कार्यमा निकटमा रहेर सम्बन्ध बढाउने र आफ्नो पेसागत सम्पत्ति र लगानीलाई संरक्षण र सुरक्षित गर्न समान प्रतिष्ठा समूहबाहेक बाहिरबाट आउनेलाई सामाजिक, आर्थिक आदि अवसरहरूमा प्रवेश गर्न र प्रतिस्पर्धा गर्न अवरोध पुऱ्याउने गर्दछन् । यसले गर्दा न्यून प्रतिष्ठा भएका मानिसहरू उच्च प्रतिष्ठाप्राप्तिको तहमा पुग्ने अवसरबाट वञ्चित हुन्छन् । परिणामतः समाजमा उच्च प्रतिष्ठा प्राप्त गरेका र न्यून प्रतिष्ठामा रहेका व्यक्तिहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति बन्दछ भन्ने वेबरको प्रतिष्ठा द्वन्द्वसम्बन्धी मान्यता रहेको छ ।

'लाहुरी भैँसी' कथामा द्वारे र लुखुरेका बिचमा तानातानीको स्थिति सिर्जना गरेर प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको आयोजन गरिएको छ । कथाको पात्र द्वारे गाउँको प्रतिष्ठित भूमिका रहेको पात्र हो । उसका घरमा गाउँका टाठाबाठा मानिस जम्मा हुने र छलफल गर्ने गरेका छन् । दुःखदर्द बिसाउन पनि मानसिहरू उसकै घरमा जाने गरेका देखिन्छन् । अरू पात्रले उसलाई बा भनेर ढोग्ने र सम्मान गर्ने गरेका कथामा देखाइएको छ । यसले गर्दा द्वारेको प्रतिष्ठा गाउँसमाजमा उच्च रहेको पाइन्छ । उता लुखुरे कथामा न्यून प्रतिष्ठा भएको गरिब पात्रीय भूमिकामा देखिएको छ ।

लुखुरेले द्वारे बालाई पनि केही नसोधी लाहुरी भैँसी आफ्नो घरआँगनमा ल्याइपुऱ्याएको देखिन्छ । यो कुरा चाल पाएपछि द्वारेले नमीठो महसुस गरेको छ- "लुखे बजिएले भैँसी ल्याएछ ?" द्वारे बाले घोर आश्चर्यको स्वरमा भने, ... साँच्चै नै उसले भैँसी ल्याएकै हो भने यो जत्तिको घोर आश्चर्य र घोर अपराध अरू केही हुनै सक्तैन !" (विकल, २०४८, पृ. २६) । यस उद्धरणमा लुखुरेले लाहुरी भैँसी ल्याएकोमा द्वारे आश्चर्यमा परेको देखाइएको छ । गाउँको गरिब र उपायहीन अनि सबैले लुखे भनेर हेपिएको व्यक्तिले सोध्दै नसोधी लाहुरी भैँसी ल्याउनुलााई द्वारेले आफ्नो अपमान हुने कार्य मानेको छ । यसलाई उसले घोर अपराध पनि भनेको छ । यसबाट द्वारेको सामाजिक प्रतिष्ठामा चोट पुगेको देखिन्छ । आफूले पनि एउटा लाहुरी भैँसी ल्याउने चाहना द्वारेले मनमा साँचेको छ- "आफूले एउटा भन्या जस्तो लाहुरी ल्याउने जम्का गर्दागर्दै छेपारा उखान भैरहेछ, लुखुरे नाथुले भैँसी ल्याउने ! ... यो कसरी हुन सक्छ ? ... उनलाई यो आफ्नो द्वारेपनाको निम्ति एउटा थप्पडझैँ लाग्यो" (विकल, २०४८, पृ. २६) । यस उद्धरणमा लुखुरेले लाहुरी भैँसी ल्याएकोमा द्वारेले आफूलाई थप्पड हानेजस्तो ठानेको छ । उसले आफै एउटा राम्रो लाहुरी भैँसी ल्याउने अनेक प्रयत्न गर्दागर्दै ल्याउन नसकिरहेको परिस्थितिमा लुखेले लाहुरी ल्याएकोमा आफ्नो प्रतिष्ठामाथि ठूलो प्रहार महसुस गरेको छ ।

लुखुरेले लाहुरी ल्याएपछि उसका आँगनमा गाउँका मानिस जम्मा भएका छन् । द्वारे पनि रामवीरे, घमाने र खुलाललाई साथमा लिएर लुखेका आँगनमा पुगेको छ । आफ्नो घरआँगनमा आइपुगेको द्वारेलाई ढोग गरेर लुखेले उसलाई सम्मान गरेको देखिन्छ । द्वारेले लाहुरीलाई तिरेको मूल्यको कुरा सोध्दा लुखुरेले भनेको छ- "अँ, ... काँ बा, पऱ्योनाइँ सत्रेक बीस । ... कि कसो बा ?" (विकल, २०४८, पृ. २८) । यस उद्धरणमा लुखुरेले द्वारेलाई सत्रेक बीस तिरेर लाहुरी ल्याएको गर्वका साथ सुनाएको देखिन्छ । यसबाट उसले आँगनमा जम्मा भएका गाउँले, द्वारे अनि उससँग साथमा आएका रामवीरे, घमाने र खुलालका अगाडि बढेको प्रतिष्ठा प्रदर्शन गर्न चाहेको देखिन आउँछ । द्वारेलाई भने लुखुरेका अभिव्यक्तिमा देखिएको उत्साह मन परेको देखिँदैन- "लुखुरेको स्वरमा बजेको अपूर्व आत्मतृप्तिको सङ्गीत र आँखामा छचल्कने सुनौलो सपना द्वारे बालाई त्यति मीठो लागेन । हृदय केले-केले घोचेझैँ अनि जिभ्रामा अलि टर्रो तीतो र नमीठोपना रसाएझैँ उनले अनुभव गरे" (विकल, २०४८, पृ. २९) । यस उद्धरणमा लाहुरी भैँसी ल्याएसँगै लुखुरेले प्राप्त गरेको प्रतिष्ठा द्वारेलाई नमीठो लागेको देखिन्छ । लुखुरेले प्राप्त गरेको आत्मतृप्ति र खुसीले द्वारेको हृदयलाई घोचेको र उसले टर्रो अनि तीतो अनुभव गरेको छ । यसरी लुखुरेको प्रतिष्ठाको स्तर बढ्दा आफ्नो

प्रतिष्ठामा आघात पुगेको भन्ने द्वारेलाई लागेको देखिन्छ । कथामा देखिएको यस परिदृश्यले दुई पात्रका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति बनेको देखापर्छ ।

छोरालाई एउटा गतिलो दौरासम्म किनिदिने हैसियत नभएको गाउँको विपन्न लुखुरेले कालो, चिल्लो, बाह्रमाने बाटाजत्रो कल्चौंडो भएको असल जातको लाहुरी भैंसी आफ्नो घरआँगनमा ल्याएसँगै उसको प्रतिष्ठा ह्वात्तै बढेको भन्ने बुझेपछि गाउँको सम्मान्य स्थानमा रहेको द्वारेले त्यसलाई आफ्नो प्रतिष्ठाका लागि चुनौती ठानेको छ । यसर्थ उसले कपटपूर्ण षडयन्त्र रचेर लुखुरेको लाहुरी भैंसीकेन्द्रित भई बढेको प्रतिष्ठालाई समाप्त गर्न चाहेको छ । यस सन्दर्भमा विकल (२०४८) ले कथामा लेखेका छन् :

> द्वारेको मनको संपूर्ण कुटिलता आएर उनको घोप्टे जुँघाभित्र लुकेको ओठमा फरफराइरहेको थियो । अब द्वारे बाले उसको शंकाले फुस्रो भएका आँखामा गहिरोसँग हेरे, अनि एक पटक फेरि जाँच्ने कष्ट उठाए । उनले लाहुरीको चारैतिर घुमेर जाँचे । अन्त्यमा बडो गम्भीर हुन सकेसम्मको सहानुभूति स्वरमा भने, “बाबै, भैंसी त धम्की छ । ... कसो ए रामे, हेर् त, कि मैले जानिनँ ? ... (पृ. २९) ।

यस उद्धरणमा द्वारेले लुखुरेको मनको भाव आँकल गरी एक पटक जाँचिसकेको लाहुरीलाई पुनः जाँचेको छ । यसपछि लुखुरेप्रति गम्भीर सहानुभूति देखाउँदै उसले भैंसीलाई त धम्की छ भनी उद्घोष गरेको छ । अझ आफूले कल्पेको खोट गलत पर्‍यो कि भनेर आफ्नो विश्वास पात्र रामवीरेलाई पनि धम्कीको खोटका बारेमा हेर्न भनेको देखिन्छ । रामवीरे अनि खुलालले पनि जाँचेर दुवैले द्वारेको बोलीमा स्वर मिलाउँदै भैंसीलाई धम्की नै भएको ठम्याएका छन् । भैंसीमा धम्कीको खोट भएको बुझेपछि लुखुरेले दिउँसै तारा देख्न थालेको छ । उसकी स्वास्नी घैँटी पनि खाइस् अभागी ग्वाङ्ग्रा भन्दै लोग्नेमाथि खनिएकी छ । यससँगै घरपरिवारका साथै गाउँसमाजमा लुखुरेले एकै दिनमा प्राप्त गरेको चर्चा र सम्मान सबै गुमाउने निश्चित भएको देखिन्छ । यससँगै ऊ लाहुरी भैंसी धम्कीले मर्‍यो भने ऋण कसरी तिर्ने भन्ने चिन्ताले रातभरि निदाउन नसकेको कथामा देखाइएको छ । केही उपाय नपाएर भोलिपल्ट ऊ द्वारेको घरमा शरण पर्न पुगेको सन्दर्भलाई विकल (२०४८) ले कथामा लेखेका छन् :

> “बा मैले आफ्नै बुद्धिले आफ्नो घुँडामा बन्चरो हानेँ ! अब के गरौँ बा ? स्वास्नीको नाक कानको त भला केही थिएन, भर्सेला परोस् भनौँ । नेपाल बाहुनको दुई सय पचास रिन कहाँबाट तिरौँ ? हे ईसोर अब म के गरौँ ? ...“बा, म त बितेँ । अब के गरौँ बा । ... म त खौलाँ परेँ ।” लुखुरे बगरको माछाजस्तै छटपटायो (पृ. ३४) ।

यस उद्धरणमा लुखुरे खोटी भैंसी ल्याएर आफूले आफ्नै घुँडामा बन्चरो हानेकोले अब के गरौँ भन्दै द्वारेको शरणमा पुगेको देखिन्छ । उसले स्वास्नीका नाक कानका गहना भर्सेला परे पनि नेपाल बाहुनसँग लिएको दुई सय पचास रुपैयाँ तिर्ने उपायका लागि द्वारेसँग अनुनय विनय गरेको छ । ऋण तिर्ने कुनै उपाय नहुँदा खौलामा पर्ने भएँ भन्दै लुखुरे आफ्नो घरमा आएर छटपटाउँदा लाहुरी भैंसी ल्याएर गजक्क परेको उसलाई थचार्ने अनुकूल अवसर द्वारेलाई प्राप्त भएको छ । यसबाट कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व लुखुरेका लागि प्रतिकूल र द्वारेका लागि भने अनुकूल बनेको देखापर्छ ।

कथामा लुखुरेले लाहुरी भैंसी ल्याएर त्यसको दूध घिउ बेची घरको आर्थिक अवस्था माथि उठाएर परिवारलाई सुखी तुल्याई प्रतिष्ठा आर्जन गर्न चाहेकोमा गाउँको प्रतिष्ठित व्यक्ति द्वारेलाई उसको त्यो प्रयास उचित लागेको छैन । त्यसैले उसले लाहुरीमा हुँदै नभएको धम्कीको खोट देखाएर लुखुरेले ल्याएको लाहुरीलाई आफ्नो बनाउने प्रपञ्च गरेको छ । द्वारेको कुटिल चाल बुझ्न नसकेको लुखुरेले उसकै कुरा पत्याई लाहुरीलाई केही गरी पन्छाएर ऋणबाट मुक्त हुने उपायको खोजीमा लागेको देखिन्छ । यसैका लागि द्वारेका घरमा पुगेको उसलाई रामवीरे, बूढाथोकी, सीताराम पण्डितलगायतले भैंसीमा खोटी भएकोले सयपचास घटेर द्वारेलाई जिम्मा लगाउन सल्लाह दिएका छन् । अन्ततः लुखुरेले त्यसैअनुसार नेपाल साहुको ऋण तिर्न मात्र पुग्ने रुपैयाँमा द्वारेलाई लाहुरी जिम्मा लगाएको छ । यस सन्दर्भमा कथामा भनिएको छ- “त्यसै दिन बेलुकीपख द्वारे बाको आँगनमा निकै रमझम देखियो । आँगनमा लाहुरी भैंसी बाँधिएको ... द्वारे बूढा बीस वर्षे जोशमा भैंसीको सुसार गर्न लागेका । ... लुखुरेको आँगनमा आज रमझम थिएन । लुखुरेका बाबु छोरा आँगनको डीलमा उभिएका थिए” (विकल, २०४८, पृ. ३५) । यस उद्धरणमा लुखुरेको लाहुरी भैंसी द्वारेले आफ्नो आँगनमा पुऱ्याएको देखाइएको छ । त्यसैले उसको आँगनमा रमझमको माहौल छ । द्वारे बूढाले बीस वर्षीय जोस निकालेर लाहुरीको स्याहार गर्न लागेको देखिन्छ । उता लुखुरेको आँगनमा नैराश्यता छाएको छ । उसका बाबुछोरा आँगनको डिलमा उभिएका देखिन्छन् । कथाको यस परिदृश्यमा प्रतिष्ठाको उचाइ प्राप्त गर्न नसकेको लुखुरेले लाहुरी भैंसीका माध्यमबाट जीवन शैलीमा सुधार ल्याएर प्रतिष्ठा माथि उठाउन प्रयास गरेको भए पनि समाजको प्रतिष्ठित व्यक्ति द्वारेले उसको प्रयासलाई असफल बनाई अवरोध सिर्जना गरेको छ । यसले गर्दा निम्न प्रतिष्ठा भएको लुखुरे र उच्च प्रतिष्ठा भएको द्वारेका बिचमा कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व सशक्त बनेको देखिन्छ ।

## निष्कर्ष

रमेश विकलको लाहुरी भैँसी कथा सामाजिक विषयवस्तुमा आधारित ग्रामीण परिवेशमा केन्द्रित कथा हो । यसमा लुखुरे, द्वारे, घैँटी, पोडे, रामवीरे, बूढाथोकी, घमाने, खुलाल, सीताराम पण्डितलगायतका पात्र देखिएका छन् । यीमध्ये लुखुरे र द्वारेको भूमिकाले कथामा बढी स्थान पाएको छ । यी दुई पात्रका मानसिकतामा र दुई पात्रका बिचमा परस्परको द्वन्द्वको प्रस्तुति सशक्त देखिएको छ । यस आधारमा हेर्दा प्रस्तुत कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्व, वर्गका बिचमा सिर्जित द्वन्द्व र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व खास रूपमा उपयोग गरिएको देखिन्छ । हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्व अल्फ्रेड एडलरको मान्यतामा आधारित रहेको छ । प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व भने म्याक्स वेबरको स्थापनाका आधारमा विवेचनीय रहेको छ । यी तीन किसिमका द्वन्द्वको उपस्थितिले कथामा द्वन्द्वात्मक पक्ष विवेचनीय रहेका छन् । कथामा लुखुरे र द्वारेको चारित्रिक मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वको चापमा परेको छ । वर्गीय दृष्टिबाट लुखुरे र द्वारे क्रमशः निम्नवर्ग र उच्चवर्गका पात्र भएर कथामा देखिएका छन् । यी दुई पात्रका बिचमा वर्गका बिचमा सिर्जित द्वन्द्वको स्थिति देखिएको छ । कथाका दुई पात्र लुखुरे र द्वारे प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वका लागि पनि सबल भूमिकामा देखिएका छन् । यी तीनै प्रकृतिका द्वन्द्व लाहुरी भैँसीमा केन्द्रित भई सिर्जना भएका छन् । पात्रका मनोदशाको विश्लेषण गर्न, आर्थिक विभेद र प्रतिष्ठागत असमानताका कारण सिर्जना हुने असन्तुष्टिलाई देखाउन, सत् र असत् चरित्रका पात्रको मानसिकता, सरलता र कुटिलतालाई देखाउन, परिवर्तनका लागि पाठकमा उत्प्रेरणा जगाउन, कौतुहलताको सिर्जना गर्न आदि प्रयोजनका लागि कथामा द्वन्द्वको आयोजन गरिएको छ । समग्रमा 'लाहुरी भैँसी' कथामा मनोवैज्ञानिक र सामाजिक दुवै प्रकारको द्वन्द्व प्रभावकारी किसिमले प्रस्तुत भएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


मास्के, राजेन्द्र (२०६७), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान* (आफानास्येभ, भिक्टर, अनु.), विविध पुस्तक भण्डार (मौलिक ग्रन्थ प्रकाशित मिति सन् १९६३) ।

उप्रेती, विष्णुराज (२०६२), *द्वन्द्व व्यवस्थापन* (संस्क. परिमार्जित), भृकुटी एकेडेमी पब्लिकेसन ।

एडलर, अल्फ्रेड (सन् १९५६), *इन्डिभिडुवल साइकोलोजी अफ अल्फ्रेड एडलर* (हेइन्ज एल.अन्स्बाचर र रोवेना आर. अन्स्बाचर (सम्पा.), बेसिक बुक्स ।

टर्नर, जोनाथन एच. (सन् १९९५), *द स्टक्चर अफ सोसोलोजिकल थ्योरी,* रावत पब्लिकेसन ।

टर्नर, जोनाथन एच. र बेघली, लियोनार्द (सन् १९१२), *द इमर्जेन्स अफ सोसोलोजिकल थ्योरी* (सातौँ संस्क.), सेज पब्लिकेसन ।

कुमार, अरुण (२०३०), *कम्युनिस्ट घोषणापत्र* (मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स, अनु.), प्रगति प्रकाशन (मौलिक ग्रन्थ प्रकाशित मिति सन् १८४८) ।

विकल, रमेश (२०४८), *नयाँ सडकको गीत* (पाँचौं, संस्क.), साझा प्रकाशन ।

फिस्कोभ, इफराइम र हान्स गर्थसमेत (सन् १९७८), *इकोनोमी एन्ड सोसाइटी,* (वेबर, म्याक्स, अनु.), युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस ( मौलिक ग्रन्थ प्रकाशित मिति सन् १९२१) ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।


**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-notes**

Ganesh Prasad Sharma is an Assistant Professor of Nepali literature in TU, Nepal. He is pursuing PhD in Nepali fiction. His area of interest is Nepali lingustics and literature. He has published number of articles related with Nepali literature.